आज मिति २०८२ साल फाल्गुण ९गते शनिबार बिहान ८.३० बजे जिल्ला वन सुरक्षा समन्वय समिति अर्घाखाँचीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री तोय नारायण सुवेदी ज्यूको अध्यक्षतामा तथा तपसिलका पदाधिकारी ज्यूहरुको उपस्थितिमा बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निम्नानुसार निर्णय गरियो।

<u>उपस्थिती</u>

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्रीतोय नारायण सुवेदी,जिल्ला प्रशासन कार्यालय, अर्घाखांची | अध्यक्ष |
| सेनानी श्री रिकि पाण्डे, श्री विरभद्रजङ्ग गुल्म, अर्घाखाँची | सदस्य |
| प्रहरी नायव उपरिक्षक श्री दिवस बहादुर जि.सि., जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची | सदस्य |
| सशस्त्र प्रहरी नायव उपरिक्षक श्री योगराज दाहाल, सशस्त्र प्रहरीबल नेपाल, नं.३६ गुल्म | सदस्य |
| उप-अनुसन्धान निर्देशक श्री विनय चतुर्वेदी, राष्ट्रिय अनुसन्धान जि.का. अर्घाखाँची | सदस्य |
| सिनियर डिभिजनल वन अधिकृत श्री नारायणदेव भटराई, डि.व.का. अर्घाखांची | सदस्य सचिव |

आमन्त्रित उपस्थितीः

जिल्ला समन्वय प्रमुख श्री जिवनारायण कोईराला, जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँची ।

प्रशासकिय अधिकृत श्री श्यामहरी भटराई, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची ।

अन्य उपस्थितीः

ब.व.अ. श्री गणेश कुमार थारु, डि.ब.का. अर्घाखाँची ।

ब.व.अ. श्री सन्त बहादुर थिङ्ग, डि.ब.का. अर्घाखाँची ।

ब.व.अ. श्री राम बहादुर घलान, भुमिकास्थान सब-डि.ब.का. अर्घाखाँची

ब.व.अ. श्री दशराम चौधरी, सन्धिखर्क सब-डि.ब.का. अर्घाखाँची

ले.अ. श्री दधिराम अधिकारी, डि.व.का. अर्घाखाँची ।

व.अ. श्री केशर खड्का, डि.ब.का. अर्घाखाँची ।

अ.(प्र.) श्री अरुण कुमार आचार्य, डि.ब.का. अर्घाखाँची ।

व.फ. श्री दिपक पाण्डे, पाणिनी सब-डि.ब.का. अर्घाखाँची

जमदार श्री विष्णु प्रसाद खनाल, सशस्त्र वन सुरक्षा शाखा, डि.ब.का. अर्घाखाँची ।

CS Scanned with CamScanner

निर्णयहरु:

निर्णय नं. १: हालै डिभिजन वन कार्यालय, अर्घाखाँचीले खरिद गरेको ड्रोन वन अपराध (वन पैंदावार चोरी निकासी, आगलागी, वन्यजन्तु चोरी तस्करी आदी) को नियन्त्रण गर्न डिभिजन वन कार्यालयले प्रयोग गर्न अनुमति प्रदान गर्ने र आवश्यक्ताअनुसार सो को रेकर्ड सुरक्षा निकायले प्रयोग गर्न / हेर्न पाउने ब्यवस्था मिलाउने ।

निर्णय नं. २: अर्घाखाँची जिल्लाको दक्षिणी भुभाग तथा चुरे संरक्षण क्षेत्रमा केही सामुदायिक वनमा मुल्यवान काठहरु रहेको, सामुदायिक वन उपभोक्ता समुहहरुले वर्षेनी काठ कटान मुछान गरी घाटगद्धि गरी लिलाम विक्रि गर्दै आईरहेको, कतिपय ठाउमा लिलाम वढावढ गर्दा लिलाम सकार नहुँदा लामो समय सम्म सुरक्षित राख्नुपर्ने भएकोले उपभोक्ता समुहका सदस्यहरुले काठ घाटगद्धि भएको स्थानमा घरटहरा बनाई आलोपालो डिउटी खटाई काठ चोरी हुन नदिने, घाटगद्धि रहेको स्थानमा तारवार गरी अग्नी रेखा वनाइ सुरक्षित राख्ने, उक्त स्थानमा आगलागी हुनसक्ने खरझुस्यान, पातपतिंगर हटाई सफा गर्ने र काठ चोरी हुन नदिने, भैहालेमा अनुसन्धानमा गर्न सहयोग पुग्ने गरी सामुदायिक वन उपभोक्ता समुहले आफ्नो आम्दानीबाट तोकिएको स्पेसिफिकेसन बमोजिम CCTV जडान गर्न चाहेमा सब डिभिजन वन कार्यालयवाट अभिलेखिकरण गर्ने र सो को जानकारी नजिकैको प्रहरी इकाईमा दिनेगरी CCTV राख्न अनुमति प्रदान गर्ने, CCTV को रेकर्ड सुरक्षा निकायलाई नियमित रुपमा उपलब्ध गराउने वा सुरक्षा निकायले हेर्न चाहेको समयमा उपलब्ध गराउने ब्यवस्था मिलाउने ।

निर्णय नं. ३: वन डढेलो नियन्त्रण तथा ब्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको समन्वय एवं निर्देशनमा सबै सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुलाई परिचालन गर्ने ।

२०८२।११।३

CS Scanned with CamScanner